प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं. ५
बुटवल, नेपाल

# प्रदेश सरकार
# प्रदेश नं ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# बुटवल, नेपाल

सचिव बैठक नंः ३७

बैठक मितिः २०७६/५/१०

## उपस्थिती

| | | |
|---|---|---|
| श्री तोय नारायण ज्ञवाली | का.मु. प्रमुख सचिव | प्रदेश नं. ५ |
| श्री बसन्त अधिकारी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री राजेन्द्र थापा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री बैकुण्ठ अधिकारी | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| श्री रामचन्द्र दंगाल | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री कृष्ण प्रसाद ज्ञवाली | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री हरिहर पोखरेल | नि.सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री विजय सुवेदी | नि.सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |

## आमन्त्रित

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री ज्ञानहरी घिमिरे | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री रामचन्द्र अर्याल | अधिकृत आठौं | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

## निर्णयहरु

१. आ.व. २०७६/७७ को नीति कार्यक्रम तथा बजेटको कार्यान्वयन कार्ययोजना, हाल संचालनमा रहेका कार्यक्रम र मन्त्रालयका सांगठनिक तथा जनशक्ति व्यवस्थापनका विषयमा छलफल गरियो । नीति कार्यक्रम र वजेटको कार्यान्वयन कार्ययोजना बमोजिमका कार्यहरु प्राथमिकताका साथ तोकिएको मिति भित्रै सम्पन्न गर्ने र प्रगति प्रतिवेदन पेश गर्ने ।

का.मु. प्रमुख सचिव

२. मन्त्रालयका सचिवहरु सरुवा भई जाँदा सरुवा भई आउने सचिवलाई हाल संचालनमा रहेका कार्यक्रम र मन्त्रालयसम्वन्धी सम्पुर्ण वस्तुस्थिति लिखित रुपमा जानकारी गराउने । साथै, सो को एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

३. चालू आ.व. २०७६/७७ को नीति कार्यक्रम, वजेट तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक कानून तथा कार्यविधिहरु प्राथमिकताकासाथ तर्जुमा गर्ने । प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृती आवश्यक भए प्रस्ताव पेश गर्ने ।

४. २०७६ भाद्र मसान्तभित्रमा वुझाउनुपर्ने आ.व. २०७५/७६ को सम्पति विवरण फारम तोकिएको म्यादभित्र पेश गर्न वाँकी भए सवै पदाधिकारीज्यूहरुलाई स्मरण गराउनुका साथै प्रदेश सरकार भित्रका कर्मचारीहरुलाई जानकारी गराउने ।

५. मन्त्रालय र मन्त्रालयमातहत निकायको जिम्मामा रहेको सरकारी सम्पतिको अभिलेख चुस्त दुरुस्त राख्ने । साथै, कार्यालयको सुरक्षा तथा कार्यालय एवम् कार्यालय वरपरको वातावरण तथा सरसफाईमा विशेष ध्यान दिने ।

६. मन्त्रालयमा ई- हाजिरीको प्रभावकारी प्रयोग गर्ने, प्रभावकारी समय व्यवस्थापन गर्ने, तोकिएको पोशाक लगाउने, कर्मचारी परिचय पत्र अनिवार्य रुपमा प्रयोग गर्ने व्यवस्था कडाईका साथ पालना गर्ने ।

७. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/५/२ को निर्णयबाट यस प्रदेशमा सरुवा भई आउनु भएका का.मु. प्रमुख सचिव श्री तोयनारायण ज्ञवालीलाई स्वागत गर्ने ।

२०७६।५।१०.

का.मु. प्रमुख सचिव

<u>सादर अवगतार्थ</u>
माननीय मुख्यमन्त्रीज्यू
माननीय मन्त्रीज्यूहरु